# कृषि एम्बुलेन्स सेवा संञ्चालन कार्यविधि, २०८१

**प्रथम संशोधन मिति २०८१।६।२०**

## उदयपुरगढी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय, उदयपुरगढी, उदयपुर

# कृषि एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०८१

**<u>प्रस्तावना:</u>** उदयपुरगढी गाउँपालिकाका कृषकहरुले उत्पादन गरेको कृषि उत्पादन वृद्धि गर्न, कृषि उपजहरुलाई सहज ढुवानीको पहुँच पुर्‍याई उत्पादनोपरान्त हुने क्षति न्युनिकरण गर्ने र कृषकका उत्पादनलाई सहजै बिक्री गर्ने वाता

वरण बनाई कृषकलाई उत्पेरित गर्ने उदेश्यले कृषि एम्बुलेन्स सेवा संचालन सम्बन्धी कारवाहीलाई व्यवस्थित तरिकाले सञ्चालन गर्न वाञ्छनिय भएकोले, प्रशासकीय (कार्यविधि नियमित गर्ने) ऐन, २०७६ को दफा ४(१) ले दिएको अधिकार प्रयोग गरी उदयपुरगढी गाउँकार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ:</u>** (१) यस कार्यविधिको नाम " कृषि एम्बुलेन्स सेवा संचानलन कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा:</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) “आवेदक” भन्नाले कृषि एम्बुलेन्स मार्फत कृषि उपज खरिद बिक्रि गर्नका लागी उदयपुरगढी गाउँपालिकाको कृषि विकास शाखामा आवेदन दिएका संकलन केन्द्र, कृषक समुह, सहकारी, कृषक,टोल विकास संस्था र किसान परिचयपत्र बाहक कृषकलाई सम्झनुपर्दछ।

(ख) “कृषक समुह” भन्नाले व्यवसायिक कृषि प्रणालि अवलम्वन गर्ने उदेश्यका लागि १५ भन्दा वढी कृषक भेला भइ समूह गठन गरि उदयपुरगढी गाउँपालिका कृषि विकास शाखामा दर्ता भएका समुहलाई सम्झनुपर्छ।

(ग) “कृषि उपज“ भन्नाले बजारिकरणको उदेश्य राखी गरीएको कुनै पनि किसिमको कृषि/ पशुजन्य उत्पादनलाई सम्झनुपर्दछ ।

(घ) “कृषि एम्बुलेन्स” भन्नाले उदयपुरगढी गाउँपालिकाले कृषि उपज ढुवानी गर्ने बहान सवारी साधन सम्झनु पर्दछ ।

(ङ) “कृषि बिकाश शाखा” भन्नाले उदयपुरगढी गाउँपालिका अन्तर्गतको कृषि शाखा वा सेवा केन्द्रलाई सम्झनुपर्छ।

(च) “खुद्रा” भन्नाले उपभोक्ताहरुको लागि फुटकर रुपमा बिक्री गर्ने परिमाणलाई सम्झनु पर्दछ ।

(छ) “चालक” भन्नाले कृषि एम्बुलेन्स चलाउने, सरसफाई गर्ने ब्यक्तिलाई सम्झनु पर्दछ ।

(ज) “गाउँपालिका” भन्नाले उदयपुरगढी गाउँपालिकालाई सम्झनुपर्छ ।

(झ) “सहकारी“ भन्नाले प्रचलित सहकारी ऐन बमोजिम दर्ता भएको संघ सस्था सम्झनुपर्छ ।

(ञ) “टोल विकास“ भन्नाले प्रचलित टोल विकास संस्था सञ्चालन कार्यविधि बमोजिम उदयपुरगढी गाउँपालिकामा दर्ता भएको सस्था सम्झनुपर्छ ।

(ट) “कृषक“ भन्नाले उदयपुरगढी गाउँपालिकाले सुचीकरण गरि वितरण गरेको किसान परिचयपत्र बाहक कृषकलाई सम्झनुपर्छ ।

३. **<u>कार्यविधिको उद्देश्यः</u>** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छः-

(क) नासवान कृषि, पशुपक्षिं, मत्स्य तथा मौरिको गोला ढुवानिलाई सहज गुणस्तरिय र छिटो छरितो हुने गरि व्यवस्था गर्ने ।

(ख) कृषकहरुको उत्पादित कृषि उपजहरुको बजार तथा प्रशोधन स्थल सम्म पुर्याउदा हुने नोक्सानी बाट जोगाउने र थप आम्दानी वृद्धी गर्ने।

(ग) कृषि उपजको उत्पादनोपरान्त हुने क्षती न्युनिकरण गरि उपभोक्ता सम्म स्वास्थ्य, ताजा र गुणस्तरिय उत्पादन पुर्याउने ।

(घ) गाउँपालिका भित्र कृषि उपज ढुवानीमा कठिनाई भएकोले सहजै यातायातको उपलब्ध नहुने ग्रामिण भेगमा प्राथमिकता दिइ संञ्चानल हुनेछ ।

४. **<u>गाउँपालिका र कृषि विकास शाखाले सञ्चालन गर्ने एम्बुलेन्स सेवा सञ्चालन</u>**

(१) गाउँपालिकाबाट कृषि एम्बुलेन्स सेवा सञ्चालन हुनेछ।

(२) गाउँपालिका कृषि विकास शाखाले यसको समन्वय गर्नेछ।

(२)कृषक/कृषक समुह/कृषि सहकारीको कृषि उपजको ब्यबस्थापनका लागि गाउँपालिकाले एक जना हलुका सवारी चालकको व्यवस्थापन गर्ने छ ।

(३)कृषि बिकाश शाखाले आवश्यकता अनुसार दैनिक/साप्ताहिक/मासिक योजना बनाइ कृषि उपज संकलन केन्द्र बाट ढुवानी गरी बजार, कृषि बजार, तरकारी बिक्रि केन्द्र तथा अन्य सम्भावित स्थानमा वडा कार्यालय तथा टोलबिकास समिति संग समन्य गरि बिक्रि वितरणको ब्यबस्थापन गर्नेछ ।

(४) कृषि एम्बुलेन्सबाट खरिद बिक्री गरिएको कृषि उत्पादन र लाभान्वितको विवरण कृषि शाखाले राख्ने छ र यसको प्रतिवेदन त्रैमासिक रुपमा गाउँ कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

(५)कृषि शाखाले तोकेको संकलन केन्द्र बाट संकलित कृषि उपज कृषि एम्बुलेन्स मार्फत शसुल्क ढुवानी हुनेछ अन्य समूह, सहकारी, कृषक र कृषि फर्मका कृषि उपज ढुवानी गर्दा कृषि शाखाको पूर्व अनुमति लिई ढुवानी गराउनु पर्ने छ ।

(६)ढुवानी गर्दा तपसिल अनुसारको निर्धारण गरिनेछ ।

(क) गाँउपालिकाबाट वाहिर

| स्थान | सम्म | अनुमानित कि मी | रुपैया |
|---|---|---|---|
| उदयपुरगढी | काठमाण्डौ | ३०० | २००००।० प्रथम संशोधन |
| | चितवन | २३८ | १५०००।० |
| | हेटौडा | १९७ | १३५००।० |
| | लाहान | ७२ | ४५००।० |
| | सिन्धुली | ८३ | ५५००।० |
| | कटारी | ३२ | ४०००।० |
| | जनकपुर | ११७ | ७०००।० |
| | मिर्चैया | ५८ | ५०००।० |
| | विरगंज | २२४ | १३५००।० |
| | गाईघाट | ३६ | ४०००।० |
| | वेल्टार | ६३ | ४५००।० |
| | रामपुर | ८१ | ५०००।० |
| | ईटहरी | १२० | ७०००।० |
| | विराटनगर | १४२ | ८५००।० |
| | धरान | ११० | ७०००।० |
| | काकडभिट्टा | २१२ | १३०००।० |
| | धनकुटा | १५७ | १३५००।० |
| | ईलाम | २४३ | १५५००।० |
| | नारायणघाट मुङ्गलीन काठमाण्डौ | | ३००००।० प्रथम संशोधन |
| | हेटौडा कुलेखानी काठमाण्डौ | | २७०००।० प्रथम संशोधन |

| | | | |
|---|---|---|---|
| | हेटौडा टिस्टुङ्ग पालुङ्ग काठमाण्डौ | | २९०००।० प्रथम संशोधन |

(ख) गाउँपालिका भित्र कच्ची बाटो प्रति किलोमिटर रु ७५,

(ग) उपरोक्त बाहेकका स्थानमा ढुवानी गर्नुपर्दा प्रति किलोमिटर रु ५५,

का दरले राजस्व जम्मा गर्नु पर्ने छ। एम्बुलेन्स मार्फत ढुवानी गराउदा धेरैमा एक पटक मापदण्ड अनुसार बजनमा ढुवानी गराउनु पर्ने छ । वार्षिक ईन्धन तथा मर्मत संम्भार खर्चको व्यवस्था उदयपुरगढी गाउँपालिकाले गर्नेछ ।

(७) कृषि एम्बुलेन्स व्यवस्थित तथा प्रभावकारी रुपमा सञ्चालनको लागि गाउँपालिकाले कृषि विकास शाखामा कार्यरत एक कृषि प्राविधिकलाई कृषि एम्बुलेन्स सञ्चालन सम्पर्क व्यक्तिको रुपमा तोक्न सक्ने छ ।

५. **<u>जनशक्ति सम्बन्धी व्यवस्थाः</u>**(१) कृषि एम्बुलेन्स संचालनका लागि उदयपुरगढी गाउँपालिकाबाट एक जना हलुका सवारी चालकको व्यवस्था गरिनेछ।

(२) उपदफा (१) बमोजिमको सवारी चालकको लागि प्रचलित कानून बमोजिमको योग्यता हासिल गरेको हुनुपर्नेछ।

(३) उपदफा (१) बमोजिम व्यवस्था गरिएका जनशक्तिहरुलाई दैनिक ज्यालादारिमा भर्ना गरी उदयपुर जिल्ला प्रशासन कार्यालयको दक्ष कामदारको दर रेट अनुसारको पारिश्रमिक भुक्तानी गरिनेछ।

६. **<u>कृषि उपज संकलन सम्बन्धी व्यवस्थाः</u>** (१) कृषक/समुह/सहकारी/ संकलन केन्द्र संग समन्वय गरि तरकारी संकलन केन्द्रमा संकलित ताजा तरकारी तथा कृषि उपज विक्रीको लागि लगिदिने व्यवस्था गरिनेछ ।

७. **<u>क्षतिपूर्ति सम्बन्धी व्यवस्थाः</u>** (१)कृषि एम्बुलेन्स मार्फत खरिद भएका कृषि उपजहरु बिक्रि वितरणमा असहज परिस्थिति आइ कृषि उपज सड्ने गल्ने गरि बिग्रिएमा सो को क्षतिपूर्तिको उदयपुरगढी गाउँपालिकाले व्यहोर्ने छैन।

(२) उपदफा (१) बमोजिम कृषि एम्बुलेन्स चालक, भरिया/ज्यामी को लापरबाहीका कारण एम्बुलेन्स, कृषि उपज लगाएतका सामाग्री क्षति भएमा चालक र भरिया/ज्यामी संग वास्तविक क्षतिमुल्य निर्धारणको मुचुल्का तयार गरि असुल उपर गर्नु पर्नेछ ।

८. **<u>कृषि एम्बुलेन्स सञ्चालन सम्पर्क प्राविधिकको काम, कर्तव्य र अधिकारः</u>** कृषि एम्बुलेन्स सञ्चालन सम्पर्क प्राविधिकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) संकलन केन्द्र, कृषक समूह, सहकारी, फर्म, वडा कार्यालय, टोल बिकास समिती र कृषकसंग समन्वय गरि कृषि उपज खरिद बिक्रि वितरणको ब्यबस्थापन गर्ने,

(ख) कृषि एम्बुलेन्स मार्फत खरिद बिक्रि गरिएको कृषि उपजको तथ्यांक एम्बुलेन्स चालकसंग माग गरि राख्ने,

(ग) कृषि एम्बुलेन्सलाइ आबश्यकता अनुसार कृषि उपज खरिद बिक्रीका लागि खटाउने ।

९. **<u>एम्बुलेन्स चालक कर्मचारीको काम, कर्तव्य र अधिकारः</u>** एम्बुलेन्स चालक कर्मचारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आर्थिक पार्दर्शिता ईमान्दार, असल चरित्र प्रदर्शन गरि तथा पुर्ण जिम्मेवारी भई उदयपुरगढी गाउँपालिका,कृषि शाखा तथा कृषि एम्बुलेन्स सञ्चालन सम्पर्क प्राविधिकको निर्देशन अनुसार जुनसुकै समयमा पनि कृषि उपजको खरिद बिक्रि लोड अनलोड तथा ब्यस्थापन गर्नुपर्ने छ । लामो दुरीको कार्यमा जाँदा चालकलाई प्रति ट्रिप रु १०००।० (अक्षरुपि रु एक हजार मात्र)[*प्रथम संशोधन] लाई उपलब्ध गराईनेछ ।

(ख) मासिक रुपमा तथा कृषि शाखाले माग गर्दा जुनसुकै बेला ढुवानी साधनको स्थिति तथा कारोवारको प्रगति विवरण लिखित तथा डिजिटल माध्यम बाट उपलब्ध गराउनु पर्ने छ ।

(ग) ढुवानी साधनको विमा विलवुक नविकरण समयमै ब्यबस्थापन गर्ने ।

(घ) कृषि एम्बुलेन्स सञ्चालन सम्पर्क प्राविधिकले तोकेको क्षेत्रमा गई सम्बधित कृषक, समूह, सहकारी, संञ्चालक समिति, वडा कार्यालय तथा टोल बिकाश संस्था र कृषकसंग समन्य गरि कार्य गर्नु पर्ने छ ।

(ङ) ढुवानी साधनको मर्मत सभ्भार र दैनिक क्रियाकलापमा भए गरेका फोटो तथा आम्दानी तथा खर्चको विवरण दुरुस्त प्रस्तुत वा पेश गर्ने अन्यथा आर्थिक पार्दशिता अवलम्वन नगरेमा वा आर्थिक वेईमानी वा दुरुपयोग गरेको खण्डमा कर्मचारि नियमावली अनुसार कारवाहि गरिने छ ।

(च) कृषि उपज संवेदनशिल बस्तु भएकाले कार्यालय समय भन्दा अघि पछी वा जुनसुकै समयमा पनि खरिद विक्रि वितरण गर्नु पर्ने छ।

(छ) खटाईएको क्षेत्र भन्दा बाहिर गई कारोवार गर्न पाईने छैन कृषि उपज सम्वन्धित स्थलसम्म पुर्याई वितरण गर्नुपर्ने छ।

(ज) चालकले अन्य व्याक्तिलाई कैनैपनि वेला ठाउ र परिवेसमा चलाउनदिन मिल्ने छैन ।

(झ) नेपाल सरकारले जारि गरेका यातायात सम्वन्धि सम्पुर्ण नियमहरुको आदेश पानला गर्नुपर्ने छ ।

(ञ) नेपाल सरकारले अबैध मानेका कुनै पनि वस्तुहरु ढुवानी गर्न पाईनेछैन ।

१०. **<u>अभिलेखिकरण, अनुगमन, मुल्यांकनः</u>** (१) उदयपुरगढी गाउँपालिका सो अन्तर्गत आर्थिक बिकाश समिति,वडा कार्यालयहरु र कृषि विकास शाखाले कृषि एम्बुलेन्स सेवा सञ्चालन सम्बन्धी कार्यको आवश्यकता अनुसार अभिलेखिकरण, अनुगमन तथा मुल्यांकन गर्न सक्नेछ ।

११. **<u>बाधा अड्काउ फुकाउन सक्नेः</u>** यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा उदयपुरगढी गाउँ कार्यपालिकाले त्यस्तो बाधा अडकाउ फुकाउन सक्नेछ ।

**<u>द्रस्टव्य :- लामो दुरी भन्नाले १५० कि मि भन्दा माथिकोलाई वुझीनेछ ।</u>**